**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

# ‘लाहुरी भैँसीँ कथामा वर्गीय शक्तिसम्बन्ध

# Class Power Relations in the Story 'Lahuri Bhaisi'

***[1] यादवप्रसाद शर्मा***

***Yadav Prasad Sharma***

**[1]Associated Professor of Nepali, Central Department, Tribhuvan University, Kirtipur, Kathmandu, Nepal**

*[Email: sharmayadav134@gmail.com, ORCID: https://orcid.org/0009-0003-5446-4062]*

**Article History:** Received 9 Sept. 2024; Reviewed 18 Oct. 2024; Revised 13 Nov. 2024; Accepted 22 Dec. 2024

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*The presented research article focuses on the analysis of class power relations expressed in the story titled ‘Lahuri Bhainsi’ written by storyteller Ramesh Bikal. The necessary materials for this article have been collected from library sources and conclusions have been reached through qualitative methods after reading and analyzing the story. The article has made a theoretical analysis of class power relations and analyzed the class status, class consciousness, class interests, and class discrimination and exploitation of the characters used in this story. In the course of the analysis, the characters have been analyzed by linking class with the economic status of the characters and by analyzing the class of the characters, it has been pointed out that the form of class consciousness and class consciousness in this story is clear in the upper class and somewhat vague and mixed in the lower class, and it has been concluded that the consciousness of the lower class is divided due to the dominance of the upper class in the means of production and social justice and knowledge. Thus, due to the inequality of class consciousness, the class power relations are unbalanced, and the life of the lower classes has become problematic, class discrimination, oppression and exploitation have reached their peak in society, and due to the lack of class consciousness among the lower class characters, the consciousness of class interests has become weak and divided, which has contributed to class discrimination, oppression and exploitation, and the class power relations have become unbalanced, and the life of the lower classes has become subordinate.*

***Keywords:*** *Subordination, Class, Knowledge, Domination*

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेख कथाकार रमेश विकलद्वारा लिखित ‘लाहुरी भैँसी’ शीर्षकको कथामा अभिव्यञ्जित वर्गीय शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ र कथाको पठन गरी पाठविश्लेषण गरेर गुणात्मक विधिबाट निष्कर्षमा पुगिएको*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

*छ । लेखमा वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक विश्लेषण गरी यस कथामा प्रयुक्त पात्रहरूको वर्गीय अवस्था, वर्गीय चेतना, वर्गीय हित र वर्गीय विभेद तथा शोषणको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा वर्गलाई पात्रको आर्थिक अवस्थासँग जोडेर पात्रहरूको वर्गीय विश्लेषण गरी यस कथामा वर्गबोध र वर्गीय चेतनाको स्वरूप उच्च वर्गमा प्रस्ट र निम्न वर्गमा अलि अस्पष्ट एवं मिश्रित किसिमको रहेको कुरा औंल्याउँदै उत्पादनका साधन तथा सामाजिक न्याय र ज्ञानका क्षेत्रमा उच्च वर्गकै प्रभुत्व रहेका कारण निम्न वर्गको चेतना विभाजित भएको निष्कर्ष निकालिएको छ । यसरी वर्गीय चेतनाको असमानताका कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित रहेकाले निम्नवर्गको जीवन समस्याग्रस्त बन्न पुगेको, समाजमा वर्गीय विभेद, दमन र शोषण चरमोत्कर्षमा पुगेको अनि निम्न वर्गका पात्रहरूमा वर्गीय चेतनाको कमीका कारण वर्गीय हितको चेतना कमजोर र विभाजित भई वर्गीय विभेद, दमन र शोषणलाई सहयोग पुगी वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेर निम्नवर्गको जीवन अधीनस्थ बन्न पुगेको निष्कर्ष दिइएको छ ।*

***शब्दकुञ्जी :*** *अधीनता, अधीनस्थता, वर्ग, ज्ञान, प्रभुत्व*

## विषयपरिचय

'लाहुरी भैंसी' कथा प्रसिद्ध आख्यानकार रमेश विकलद्वारा लेखिएको यथार्थवादी कथा हो । रमेश विकलको जन्म वि.सं. १९८५ कार्तिकमा काठमाडौंको गोकर्णस्थित आरुबारी भन्ने स्थानमा भएको हो । उनको औपचारिक नाम रामेश्वरप्रसाद चालिसे भए पनि उनी नेपाली साहित्यमा रमेश विकल नामले परिचित छन् । नेपाली साहित्यका उपन्यास, कथा, बालकथा, निबन्ध, नाटक, आत्मकथाजस्ता विविध विधामा सफलतापूर्वक सिर्जनात्मक योगदान गरेका बहुमुखी प्रतिभासम्पन्न विकल कथाका फाँटमा अत्यन्त सफल मानिन्छन् । वि.सं. २००६ सालमा 'गरीब' शीर्षकको कथा प्रकाशित गराएर कथालेखन यात्राको प्रारम्भ गरेका विकलका कथाहरूमा सामाजिक आर्थिक विषमताका कारण उत्पन्न मानवीय दुर्दशाको मार्मिक चित्रण गरिएको पाइन्छ । सामाजिक जीवनको गहिराइमा पुगेर सामाजिक यथार्थको सशक्त चित्रण गर्न सक्ने विकलका कथाहरू उच्चवर्ग र निम्नवर्गका बीचमा चलेको वर्गीयद्वन्द्वको चित्रणमा निकै सफल देखिन्छन् । समाजको यथार्थलाई टिपेर विभेद, दमन तथा शोषणजस्ता गलत प्रवृत्तिप्रति आलोचनात्मक दृष्टि राख्ने विकलका कथामा प्रगतिशील चेतना व्यञ्जित भएको पाइन्छ । उनको 'लाहुरी भैंसी' कथा पनि सामाजिक-आर्थिक विषमताका कारण उच्च वर्ग र निम्नवर्गका बीचमा चलेको वर्गीयद्वन्द्व र शोषणको मार्मिक चित्रण गरिएको कथा हो ।

कुनै पनि कृतिको अध्ययन गर्दा त्यस कृतिले प्रस्तुत गरेको सामाजिक संस्कृतिलाई केन्द्रमा राखी त्यसको पहिचान गरिनुपर्छ भन्ने मान्यता राखेर समालोचनाका क्षेत्रमा प्रवेश गरेको पछिल्लो समालोचना पद्धति सांस्कृतिक अध्ययन हो । यसले समाजमा रहेको सांस्कृतिक स्वरूपको अभिव्यक्ति साहित्यिक कृतिमा कसरी भएको छ भन्ने कुराको जानकारीका लागि संस्कृतिका सापेक्षतामा कृतिको विश्लेषण गर्दछ । सामान्य अर्थमा संस्कृतिको अध्ययनलाई सांस्कृतिक अध्ययन भनिने भए पनि यसले समेटेको क्षेत्र र प्रस्तुत गरेका मान्यताका आधारमा हेर्दा यसले ज्ञान-विज्ञानका असीमित क्षेत्रलाई समेटेको पाइन्छ । सांस्कृतिक अध्ययन कुनै विषय विशेषमा सीमित नरही अन्तर्विषयक अध्ययनका रूपमा विकसित भएको छ । सांस्कृतिक अध्ययनले मूलतः शक्तिको विश्लेषणमा जोड दिँदै औद्योगिक र अझ उत्तरऔद्योगिक पुँजीवादी समाजमा व्याप्त प्रभुत्वको संरचनालाई अनावृत गरेको छ । सांस्कृतिक अध्ययनका विविध क्षेत्र/पक्षहरूमध्ये वर्गीयताको अध्ययन पनि एक हो । वर्गीयताको अध्ययनअन्तर्गतको वर्गीय शक्तिसम्बन्ध वर्गीय समाजमा रहेका विभिन्न वर्गहरूका बिचको शक्तिसम्बन्ध हो । कथाकार रमेश विकलको 'लाहुरी भैंसी' कथालाई अनेकौं समालोचक तथा अनुसन्धाताहरूले विविध प्रकारले विश्लेषण गरेका भए पनि सांस्कृतिक अध्ययनका विभिन्न क्षेत्र/पक्षहरूमध्येको एक वर्गीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छैन । अतः कथाकार रमेश विकलको 'लाहुरी भैंसी' कथालाई वर्गीय शक्तिसम्बन्धका आधारमा अध्ययन, अनुसन्धान तथा

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

विश्लेषण गर्नु वाञ्छनीय देखिएकोले प्रस्तुत लेखमा उक्त कथाको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सङ्क्षिप्त निष्कर्ष दिइएको छ । यसबाट नेपाली भाषा र साहित्यका विद्यार्थी, साहित्यानुरागी पाठक, समालोचक तथा अनुसन्धाताहरूसमेत लाभान्वित हुने भएकाले प्राज्ञिक दृष्टिले यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालय स्रोतको उपयोग गरिएको छ । यस सन्दर्भमा कथाकार रमेश विकलको 'लाहुरी भैँसी' कथाबाट प्राप्त सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा र सैद्धान्तिक तथा विश्लेषणात्मक ग्रन्थ तथा लेखरचनाहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ । विश्लेषणका निम्ति साक्ष्यका रूपमा उद्देश्यमूलक नमुना छनोट विधिबाट कतिपय कथांशहरूलाई उद्धृत गरी गुणात्मक पद्धतिबाट पाठविश्लेषण गरेर निष्कर्ष दिइएको छ ।

## वर्गीय शक्ति सम्बन्धको सैद्धान्तिक अवधारणा

सामान्य सन्दर्भमा संस्कृति भन्नाले कुनै समुदाय/समाजमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार, कलाकौशल, धर्म, विश्वास आदिका साथै कुनै पनि वस्तु वा व्यवहारलाई परिस्कृत रूप दिने काम बुझिन्छ। त्यस्तै संस्कृतिलाई सामाजिक व्यवहारका रूपमा पनि परिभाषित गरिएको पाइन्छ । मार्क्सवादी अवधारणामा संस्कृति भनेको समाजको राजनीति र अर्थव्यवस्थाको विचाधारात्मक प्रतिबिम्बन हो अर्थात् उत्पादनपद्धति र उत्पादनसम्बन्धद्वारा निर्मित आर्थिक आधारको बाहिरी संरचनामा देखिने विचारधारात्मक प्रतिबिम्बन हो (पाण्डेय, २०७३, पृ. ४६) । आफ्ना भौतिक आवश्यकताको परिपूर्ति गर्नका निम्ति प्रकृतिसँग अन्तर्क्रिया गर्ने प्रक्रियामा संस्कृतिको उत्पत्ति हुने भएकाले संस्कृति मानवश्रमद्वारा निर्मित भौतिक तथा आत्मिक मूल्यहरूको समष्टि हो ( किरण, २०६५, पृ. १६) । रेमन्ड विलियम्सले संस्कृतिको अवधारणलाई केन्द्रीयता दिए भने ई.पी.थम्पसनले अनुभवलाई केन्द्रमा राखे । स्टुअर्ट हलले धेरै कुरा थपेर सांस्कृतिक अध्ययनलाई सामाजिक कार्यको आलोचनाको थलो बनाए (गौतम, २०६७, पृ. ४४७) । यसरी सांस्कृतिक अध्ययनको क्षेत्र अत्यन्त व्यापक बन्यो । सांस्कृतिक अध्ययन र समालोचना गर्नेले यसलाई कुनै एक विचार, सिद्धान्त वा सूत्रका रूपमा लिएर गर्‍यो भने त्यो सांस्कृतिक अध्ययन हुँदैन (सुवेदी, २०७६, पृ. १३७) । किनभने यो बहुविषयक अध्ययनपद्धति हो । सांस्कृतिक अध्ययन स्वयंमा खुला, एकल अनुशासनविरोधी र बहुलतावादी अध्ययनपद्धति भएकाले यसलाई अनेक कोणबाट अनेक सन्दर्भमा हेर्न सकिन्छ (पाण्डेय, २०७३, पृ. ४५) । यसरी सांस्कृतिक अध्ययनले ज्ञान-विज्ञानका असीमित क्षेत्रलाई समेटेर अन्तर्विषयक अध्ययनका रूपमा विकसित भएको छ ।

मार्क्सवादको यथास्थितिबाट असन्तुष्ट लेखक-चिन्तकहरूलाई कलासाहित्यको समालोचनामा नवीन अन्तर्दृष्टि प्रदान गर्दै उत्तरमार्क्सवादले नयाँ बाटो खोलिदिएको छ । व्यक्ति, समाज, अधिकार, प्रजातन्त्र, वर्ग, इतिहास, विचारधारा, पुँजीवाद, समाजवाद, साम्यवाद, ज्ञान, शक्ति आदिको पुनर्व्याख्या र विश्लेषण हुनुपर्ने समयसापेक्ष मागलाई उत्तरमार्क्सवादले सम्बोधन गर्दछ (गौतम, २०७५, पृ. ३७) । परन्तु ऋषिराज बरालका अनुसार 'अहिलेको कल्चरल स्टडिज' ले 'उत्तर' अवधारणाको बैसाखी टेकेर सांस्कृतिक अध्ययनको समृद्ध परम्पराका विरुद्ध प्रहार गरेको छ । यसले योजनाबद्ध रूपमा मार्क्सवादलाई व्यवहारबाट कटाएर प्राज्ञिक विमर्शवादमा सीमित गर्दै पहिचानको राजनीतिको हतियार बनाएर 'उत्तर-उपनिवेशवादी सांस्कृतिक अध्ययन' मा सङ्कुचित गर्न खोजेको छ (बराल, २०७७, पृ. ५७) । मार्क्सवादले सम्बोधन गर्न नसकेका मुद्दाको सम्बोधन गरेको दाबी गर्ने सांस्कृतिक अध्ययनले सारमा आफ्नो दाबीअनुसार काम गर्न सकेको देखिँदैन । यो सीमान्तीकृतको पहिचानका नाममा बौद्धिक विलासको माध्यम मात्र बनेको छ (पाण्डेय, २०७०, पृ. १९२) । विशेष गरेर नेपालका माओवादीहरूभित्र 'उत्तरमार्क्सवादी'

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

विभ्रम 'परिचयको राजनीति' को सङ्क्रामक रोग जसरी विस्तारित हुँदै छ/भएको छ, यो निकै गम्भीर प्रश्न बनेको छ (बराल, २०७७, पृ. १५) । खास उद्देश्यबाट आरम्भ भएको भए तापनि उत्तरसंरचनावाद र उत्तरआधुनिकतावादको प्रभावसँगै सांस्कृतिक अध्ययनको उद्देश्य र चरित्र पनि समाप्त भएको देखिन्छ । वर्तमान समयमा सांस्कृतिक अध्ययन एक अन्तर्अनुशासनात्मक प्राज्ञिक अध्ययनका रूपमा सीमित हुँदै सांस्कृतिक स्थितिको प्राज्ञिक अध्ययनमा मात्र केन्द्रित हुन थालेको छ । अब यसबाट समकालीन सांस्कृतिक यथार्थको वस्तुगत एवं वैज्ञानिक अध्ययन सम्भव देखिँदैन । यो अराजक बन्दै गएकाले अब यससँग वर्चस्व, विभेद र उत्पीडनका विरुद्ध सङ्घर्ष गरी उचित समाधान दिने उपयुक्त वैचारिक आधार पनि देखिँदैन (गिरी, २०७०, पृ. ४५-४६) । पुँजीवाद र संशोधनवादका सहारामा हुर्कँदै गएको सांस्कृतिक अध्ययन पनि बहुसिद्धान्त र बहुपद्धतिको सारसङ्ग्रहवादी भासमा फस्न पुगेको छ । पुँजीवादी तथा संशोधनवादी विश्वदृष्टिकोणका आधारमा वर्ग, जात, लिङ्ग लगायत पहिचान, सत्ता र राजनीतिको बौद्धिक-प्राज्ञिक कसरतको पनि सैद्धान्तिक तथा व्यावहारिक दुवै दृष्टिले कुनै विशिष्ट अर्थ र मूल्य छैन (चैतन्य, २०७०, पृ. १६५) । गोविन्दराज भट्टराईका अनुसार सांस्कृतिक अध्ययनले उत्तरआधुनिकतावादी, विनिर्माणवादी, इतिहासपरक, उत्तरऔपनिवेशिकजस्ता विद्वताका अनेकौँ प्रशाखाहरूमध्ये केन्द्रीय स्थान ओगट्छ ( भट्टराई, २०७०, पृ. १४०) । यसरी सांस्कृतिक अध्ययनका विषयमा विविध किसिमका आलोचना-प्रत्यालोचना पाइन्छन् र यो ज्ञान-विज्ञानका असीमित क्षेत्रलाई समेटेको अन्तर्विषयक विद्वताको क्षेत्रका रूपमा रहेको छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा वर्गीयताको अध्ययनअन्तर्गत वर्गीय शक्तिसम्बन्धको अध्ययनलाई पनि सांस्कृतिक अध्ययनको एक कोण वा सन्दर्भ मानिन्छ । वर्ग शब्दले समाजका मानिसहरूलाई आर्थिक रूपमा वर्गीकरण गर्ने अवधारणाका साथै मानिसहरूको समूह भन्ने अर्थ बुझाउँछ । समाजमा विभिन्न आधारमा निर्माण भएका जनसमूहहरू हुन्छन् । यस्ता समूहहरू आर्थिक अवस्था, सामाजिक स्थिति, जाति, पेसा, श्रेणी, स्तर आदि विभिन्न आधारमा विभाजित भएका हुन्छन् । परन्तु मूलतः वर्ग भन्नाले यस्ता विविध किसिमका समूहहरूमध्ये पनि सापेक्षित रूपमा आर्थिक आधारमा विभाजित समूहहरूलाई बुझिन्छ । आदिम साम्यवादी समाजमा उत्पादनका साधनमाथि सामूहिक स्वामित्व रहेकाले वर्गको उदय भएको थिएन । मान्छेले आदिम साम्यवादी घुमन्ते जीवनशैलीलाई परित्याग गरी दास युगमा प्रवेश गरेसँगै दासमालिक र दास गरी दुई वर्गको उदय भयो । यस चरणमा सर्वप्रथम निजी सम्पत्ति र शोषणमा आधारित सामाजिक व्यवस्थाको आरम्भ भयो । यसरी वर्गको उदयसँगै शोषणको पनि उत्पत्ति भएकाले भिन्न भिन्न वर्गका बीचको शक्तिसम्बन्धले शत्रुताको स्वरूप लियो । सामन्ती युगमा सामन्ती मालिकहरूको वर्ग र शोषित किसानहरूको वर्ग गरी दुई आधारभूत वर्गहरू थिए भने पुरोहित र हस्तशिल्पीहरूजस्ता अतिरिक्त वर्गहरू पनि थिए (शर्मा र लुइटेल, २०७२, पृ. १३५) । समाज विकासकै क्रममा सामन्ती व्यवस्थाभित्रैबाट पुँजीवादी युगको जन्म भयो । पुँजीवादको समग्र विकासले समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्ग गरी दुई भिन्न र नयाँ वर्गको जन्म दियो (भट्टराई, २०७७ क, पृ. ७४) । मानवसभ्यताको हालसम्मको यात्रामा समाज धनी र गरिब दुई वर्गमा विभक्त भएकाले मूलतः आर्थिक वर्ग नै समाजका वास्तविक वर्गहरू हुन् । समाजको ऐतिहासिक विकास क्रममा धनी र गरिब वा शोषक र शोषितका बिच शक्तिसम्बन्धको सिर्जना भयो । यसरी धनी र गरिब वा शोषक र शोषित वर्गको भिन्न सत्तागत स्वरूपको विकास भई एउटा प्रभुत्वशाली र अर्को अधीनस्थताको अवस्थामा पुग्यो ।

समाजमा रहेको उत्पादन सम्बन्ध र वितरण प्रणालीको उपजका रूपमा शोषक र शोषित वर्गको उदय र विकास भएको हो । वास्तवमा वर्ग भनेको समाजको विभेदपूर्ण अवस्थालाई जनाउने शब्द हो । धन, इज्जत, शक्ति तथा अधिकारको प्राप्ति, वञ्चितीकरण तथा अधीनस्थता र उत्पीडनका कारण समाजमा वर्गको उदय भएको हो । सामन्तवादको बाह्य र आन्तरिक अन्तर्विरोधका कारण पुँजीवादको जन्म भयो । सामन्ती उत्पादनसम्बन्धको अन्त्य भएकाले पुँजीवाद प्रारम्भमा सामन्तवादका तुलनामा गुणात्मक र प्रगतिशील थियो । यसले उत्पादनसम्बन्ध र उत्पादनका साधनहरूमा परिवर्तन ल्यायो । श्रमिकहरूले श्रमशक्ति र सिप बिक्री गर्न थाले । श्रमिकको पारिश्रमिक उसको व्यक्त विनिमय मूल्य बन्यो र पुँजीपति वर्गले अतिरिक्त मूल्यको निर्माण गर्न थाले (भट्टराई, २०७०, पृ.

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

३४९) । यसरी पुँजीवादी युगमा वर्गीय शोषणको रूप फेरिए पनि अतिरिक्त मूल्यका माध्यमबाट सर्वहारा वर्ग शोषित भयो ।

ग्राम्चीका अनुसार वर्गीय गठबन्धन सिर्जना गरी बहुसङ्ख्यक श्रमजीवी जनतालाई परिचालित गर्न सफल भएमा सर्वहारा वर्ग पनि अग्रणी र प्रभुत्वशाली वर्ग बन्न सक्छ (घर्ती, २०८१, पृ. ३४) । प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गको श्रम, सिप तथा शक्तिलाई आफू र आफ्नो वर्गको स्वार्थमा प्रयोग गरेपछि वर्गीय शोषण पुनः प्रारम्भ हुन्छ । यसरी समाजमा वर्गीय दृष्टिबाट उच्चवर्गको अधीनता र निम्नवर्गको अधीनस्थताको असमान शक्तिसम्बन्धको सिर्जना भएको हुन्छ । समाज एउटै वर्गबाट मात्र नभएर भिन्न भिन्न वर्गका मानिसहरूको अन्तर्सम्बन्धबाट बनेको हुन्छ । समाजमा रहेका विभिन्न वर्गहरूका बीचको निश्चित प्रकारको सम्बन्धलाई वर्गीय सम्बन्ध भनिन्छ (भट्टराई, २०७७ क, पृ. ८६) । विपरीत प्रकारको स्वार्थ बोकेका अलग अलग वर्गका बीचको सम्बन्ध सामान्यरूपले शत्रुतापूर्ण हुने भए तापनि उत्पादन प्रणाली, विमर्शात्मक स्थिति, ज्ञान, शक्ति आदिका कारण परिवर्तन भइरहन्छ । सांस्कृतिक आधारमा हेर्दा केन्द्रीय संस्कृतिको प्रभाव वा दमनबाट उदीयमान वा परिधीय सांस्कृतिक समुदायका मानिसहरू अधीनस्थ बन्न पुगेका पाइन्छ । समाजको वर्गीय सम्बन्धलाई राजनैतिक, आर्थिक, सांस्कृतिक आदि विभिन्न परिस्थितिले प्रभाव पारेको पाइन्छ । विशेष गरी नेपाली समाजमा निम्न, मध्यम र उच्चवर्ग रहेका कारण यी वर्गहरूका बीचको सम्बन्ध पनि सोही अनुरूपको रहेको छ । वर्गीय चिन्तन र चरित्रले नै समाजको स्वरूपलाई यथातथ्य प्रस्तुत गर्ने हुनाले वर्ग र शक्तिसम्बन्धको विश्लेषणमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ ।

समाजमा रहेका मानिसहरूमा आआफ्नै वर्गअनुसारको चेतना रहेको हुन्छ । समाजमा रहेका भिन्न भिन्न किसिमका वर्गहरूको आत्मबोधसहितको चेतना नै वर्गीय चेतना हो । यसैका आधारमा समाजका मानिसहरूले मित्रवर्ग र शत्रुवर्गका व्यक्तिहरूको पहिचान गर्न सक्छन् । उच्च र निम्न दुवै वर्गसँग आआफ्नै प्रकारको वर्गीय चेतना हुने भए तापनि उच्चवर्गीय चेतना मिथ्या र निम्नवर्गीय चेतना क्रान्तिकारी किसिमको हुन्छ भन्ने मार्क्सवादको मान्यता रहेको छ । त्यसैले भिन्न भिन्न किसिमका सामाजिक वर्गहरूमध्ये निम्नवर्गमा रहेको वर्गीय चेतनालाई नै सर्वहारा वर्गको मुक्तिको आधार मानिन्छ । आफ्नो वर्गको एकत्व मात्र नभई पुँजीवाद विरुद्धको वर्गसङ्घर्षको चेतनाका दृष्टिले आर्थिक, राजनैतिक र विचारधारात्मक रूपमा बलियो बनाउने सञ्चेतनाका रूपमा वर्ग चेतना रहेको हुन्छ (भट्टराई, २०७७ क, पृ. ९५) । वर्ग चेतनाबाट मित्रवर्ग र शत्रुवर्गको पहिचान मात्र नभएर सत्तासँगको पहुँच र सत्तासम्बन्धको पहिचान पनि प्राप्त हुन्छ । सामान्य रूपमा जुन वर्गसँग वर्ग चेतना शक्तिशाली हुन्छ त्यही वर्गले समाजमा प्रभुत्व कायम गर्छ र वर्ग चेतना कमजोर भएको वर्ग अधीनस्थ अवस्थामा पुगेको हुन्छ । अतः वर्गचेतनासँग शक्तिसम्बन्ध पनि सम्बन्धित रहेको पाइन्छ । त्यसैले यस आधारमा पनि शक्तिसम्बन्धको विश्लेषण गर्न सकिन्छ ।

समाजमा विभिन्न वर्गहरू हुने भएकाले ती वर्गहरूका हित एवं अहितमा पनि विविधता हुनु स्वाभाविक नै हो । प्रत्येक वर्गले आफ्नो वर्गीय हितलाई महत्त्व दिएको हुन्छ जसका कारण समाजका विभिन्न वर्गहरूबीच अन्तर्विरोधहरू पैदा हुन्छन् । निम्नवर्ग वा सर्वहारा वर्गले आफ्नो वर्गीय हितका निम्ति क्रान्तिचेतना बोकेको हुन्छ भने उच्चवर्ग वा पुँजीपति वर्ग पनि आफ्नो वर्गीय हितको संरक्षणका खातिर कटिबद्ध हुन्छ । दास समाजमा दास र दासमालिक, सामन्ती समाजमा किसान र जमिनदार, पुँजीवादी समाजमा मजदुर र पुँजीपति वर्ग आधारभूत वर्ग हुन् । वर्गीय समाजका हरेक वर्गले आफ्नो वर्गको हितका लागि अर्को वर्गको विरोध गर्दछन् । आफ्नो वर्गीय हितका निम्ति उच्चवर्गले निम्नवर्गमाथि दमन गरिरहेको हुन्छ भने निम्नवर्गले पनि उच्चवर्गको दमन-शोषणबाट मुक्तिका निम्ति सङ्घर्ष गरिरहेको हुन्छ । कतिपय अवस्थामा आफ्नो हितका निम्ति सामाजिक, राजनैतिक, आर्थिक आदि क्षेत्रमा उच्चवर्गले विभेद, दमन र शोषण गर्दा निम्न वर्गको हित खोसिन्छ भने कतिपय अवस्थामा परम्परा, डर-त्रास र अज्ञानका साथै वर्गचेतनाका अभावले निम्नवर्गले वर्गीय हित चिन्न नसकेर आफ्नै वर्गीय हितविरुद्ध नै काम गरिरहेको पनि हुनसक्छ । सामन्ती वा पुँजीवादी शासनव्यवस्था भएको समाजमा विद्यमान उत्पादन प्रणालीमै उच्चवर्गले आफ्नो हित देख्छ भने निम्नवर्गले सत्ताको प्रतिस्थापन गरी प्रगतिशील किसिमले उत्पादन प्रणालीको

**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

आधार निर्माण गर्नुमा आफ्नो वर्गीय हित देख्छ । आफ्नो वर्गीय स्वार्थ र वर्गप्रतिको प्रतिबद्धताको अवस्था नै वर्गीय हित हो । यसरी वर्गीय समाजमा परस्पर विरोधी र वैरभावपूर्ण हित कायम रहिरहेको हुन्छ (भट्टराई, २०७७ क, पृ. ८९) । यस्तो वर्गीय हित वर्गीय समाजको वास्तविक स्वरूपलाई प्रस्तुत गर्न सहयोगी हुने हुँदा वर्गीय शक्तिसम्बन्धको विश्लेषणमा पनि यसको महत्त्वपूर्ण स्थान रहन्छ ।

मिचेल फुकोले विमर्श, ज्ञान तथा शक्तिको अवधारणा प्रस्तुत गरेका छन् र उनको यस अवधारणालाई सांस्कृतिक अध्ययनका क्षेत्रमा निकै महत्त्वपूर्ण मानिएको छ । सांस्कृतिक अध्ययनले सीमान्तीकृत समूहका व्यक्ति, लेखक र कलाकारहरूको आवाज र लेखनलाई संस्कृतिको मूल धारमा ल्याउने जमर्को गरेको पनि देखिन्छ (उप्रेती, २०६८, पृ. २८) । फुकोले शक्तिलाई भौतिक तथा अन्तर्निहित क्षमताका रूपमा चिन्नुपर्ने कुरा बताएका छन् । शक्ति कहिल्यै पनि एउटै केन्द्रमा मात्र सीमित रहँदैन तथा शक्ति सधैँ माथि मात्र पनि रहँदैन । यो जालोजस्तै जेलिएको र फैलिएको हुन्छ । शक्तिका साथसाथै प्रतिरोध पनि आउँछ । शक्तिको आधारभूत लक्षण नै प्रतिरोध हो । शक्ति भन्नासाथ ज्ञान आउँछ भने ज्ञान भन्नासाथ शक्ति (गौतम, २०७१, पृ. ११६) । शक्ति ज्ञानमा आधारित भएकाले मानिसमा ज्ञान हुनु अत्यावश्यक छ । मानिसले ज्ञान र विमर्शका माध्यमबाट नै शक्तिको निर्माण गर्दछ । ज्ञान पनि शक्तिको एउटा रूप हो । शक्तिले सत्यको निर्माण गर्छ अनि उक्त सत्यसम्बन्धी ज्ञान नै शक्ति बन्छ । सत्य प्रभुत्वशाली/शक्तिशाली वर्गको हैकमबाट निर्मित भएको अवस्थामा यसलाई अधीनस्थ वर्गको मुक्तिको आधार मान्न सकिँदैन । यसर्थ सबै ज्ञानलाई मुक्तिको आधार मान्न सकिँदैन । (श्रेष्ठ, २०६८, पृ. ३२) विमर्शले ज्ञान उत्पन्न गर्दछ र विमर्शले उत्पादन गरेको ज्ञान सत्ताको हतियार बन्दछ । ज्ञान सत्तासित सम्बन्धित हुन्छ र सत्ता आर्थिक न्यायिक क्षेत्रमा मात्र सीमित नभएर सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विविध क्षेत्रसँग सम्बन्धित हुन्छ । सत्ता/शक्ति केवल शोषण-उत्पीडनमा मात्र सीमित नरहेर सकारात्मक एवं रचनात्मक भूमिका पनि खेलेको हुन्छ । सत्ताको अभ्यास र प्रतिरोध सँगसँगै सम्पन्न गर्न सकिन्छ ( चैतन्य, २०७०, पृ. १५८) यसरी शक्तिका लागि ज्ञान महत्त्वपूर्ण कुरा हुनआउँछ । जसले आफूले उत्पादन वा आर्जन गरेको ज्ञान समाजमा स्थापित गर्छ, समाजमा उसको शक्ति पनि लागु हुन्छ । सांस्कृतिक अध्ययनको यस सन्दर्भमा ज्ञान वा शक्तिको तात्पर्य निरपेक्ष ज्ञान वा शक्ति नभएर तात्कालिक सापेक्ष ज्ञान र शक्ति बुझ्नुपर्छ । यस्तो सापेक्ष सत्य, ज्ञान र शक्ति समय, स्थान र परिस्थितिअनुरूप परिवर्तित पनि हुन्छ । विभिन्न समय, स्थान र परिस्थितिमा प्रभुत्वशाली शाषक वर्ग र विरोधी वर्गबीच सङ्घर्ष पनि हुन्छ । यस्तो अवस्थामा शिक्षा, ज्ञान र सहमतिको राजनीतिका माध्यमबाट पनि प्रभुत्वशाली वर्गले आफ्नै हैकम लाद्ने प्रयत्न गर्दछ (श्रेष्ठ, २०६८, पृ. ३३) । यसरी प्रभुत्व वा सत्तामा रहेको वर्गले शक्तिका माध्यमबाट उत्पीडित वर्गमाथि आफ्नो हैकम कायम गर्दछ ।

वर्गीय समाजमा वर्गकै आधारमा उच्चवर्गले निम्नवर्गलाई विभेद गरी दमन तथा शोषण गरेको हुन्छ । सामन्ती र पुँजीवादी दुवै किसिमका समाजमा वर्गविभेद हुने भए तापनि यसका रूपहरू भिन्न हुन्छन् । उत्पादन प्रणाली र उत्पादन सम्बन्धका आधारमा वर्गीय सम्बन्ध सामन्तवादी, पुँजीवादी वा समाजवादी कस्तो रहेको छ भन्ने कुराको विश्लेषण गर्न सकिन्छ (भट्टराई, २०७७ ख, पृ. ३) । जुनसुकै प्रकारको वर्गीय सम्बन्ध रहे पनि समाजमा कुनै न कुनै किसिमको शोषणको स्थिति रहेको हुनसक्छ । एक वर्गको श्रमको पूरा मूल्य नदिई अर्को वर्गले नाफा कमाउने अवस्था नै वर्गीय शोषण हो । उत्पादन सम्बन्धका आधारमा उत्पादनका साधनमाथि कसको स्वामित्व छ भन्ने कुराको अध्ययनबाट नै वर्गीय शोषणको पहिचान गर्न सकिन्छ (भट्टराई, २०७७ ख, पृ. ४) । सामन्ती समाजमा भूस्वामीहरूले भूदास र किसानको भूमि खोस्ने, चक्रवृद्धि व्याजका माध्यमबाट आर्थिक शोषण गर्ने, भूमिहीन बनाएर बसाइँ सर्न विवश तुल्याउनेजस्ता कार्यहरू वर्ग विभेदका रूपहरू हुन् भने पुँजीवादी समाजमा पुँजीपति वर्गले श्रमिक वर्गको श्रमशोषण गर्ने, सेवा-सुविधाबाट वञ्चित गर्ने, कार्यघण्टा बढाउने, अधिकारबाट वञ्चित गर्ने आदि वर्ग विभेदका रूपहरू हुन् (भट्टराई, २०७७ क, पृ. ९६) । उच्च वर्गले राज्यको शक्ति सेना, पुलिस, प्रशासन, कानुन, अदालत आदिका साथै धर्म, संस्कृति र परम्पराको समेत सहयोग लिएर निम्न वर्गमाथि दमन गरेको हुन्छ । आफ्नो वर्गीय चेतनालाई आधार बनाएर उच्चवर्गले विभेदका माध्यमबाट दमन गरी निम्नवर्गका श्रम, सम्पत्ति र

**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

पहिचानमाथि गर्ने शोषण नै वर्गशोषण हो । वर्गीय विभेद, दमन र शोषणका लागि प्रभुत्वको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । प्रभुत्व भनेको शाषक वर्गले शाषित वर्गलाई अधीनस्थ अवस्थामा पुऱ्याउन शक्तिका माध्यमबाट निर्माण गरेको विशेष परिस्थिति हो । प्रभुत्वकै बलमा सत्ता वा शक्तिको केन्द्रमा रहेको अभिजात वर्गले सामाजिक जीवनका सबै क्षेत्रलाई आफ्नै नियन्त्रणमा राख्ने प्रयत्न गर्छ । अभिजात वर्ग वा शाषक वर्गमा रहेको प्रभुत्वले अधीनस्थ वर्गका जीवनका समस्त क्षेत्रमा प्रभाव पारेको हुन्छ । मार्क्सवादी मान्यता अनुसार वर्गीय समाज रहुन्जेल वर्गीय विभेद, दमन र शोषणको अवस्था पनि रहन्छ । राज्य पनि शोषक वर्गद्वारा अन्य वर्गमाथि हैकम/आधिपत्य जमाउने साधन हो ।  दमनकै लागि राज्यसत्ताले परम्परा, सेना, पुलिस, प्रशासन, कानुन, अदालत र राज्यका अन्य शक्ति परिचालन वा प्रयोग गर्दछ । निम्न वर्गमाथि दमन तथा उत्पीडन गर्नु पुँजीवादी राज्यसत्ताको विशेषता हो । निम्नवर्गको शारीरिक तथा मानसिक श्रमको शोषण गरी उच्चवर्गले अकुत सम्पत्ति आर्जन गर्ने परम्परा नै वर्गीय विभेद र दमनको उच्च रूप हो । यस्तो वर्गीय विभेद, दमन र शोषणको अध्ययनले समाजको वास्तविक शक्तिसम्बन्धलाई प्रस्ट पार्ने भएको हुनाले कथाको विश्लेषणमा यसको उपयोगिता तथा भूमिका महत्वपूर्ण रहेको हुन्छ । अतः *'लाहुरी भैँसी' कथामा वर्गीय शक्तिसम्बन्ध* शीर्षकको यस लेखमा कथाकार रमेश विकलको 'लाहुरी भैँसी' कथामा अभिव्यञ्जित तत्कालीन समाजमा रहेका विभिन्न वर्गका बिचको सम्बन्ध, वर्गचेतना, वर्गविभेद, वर्गहित, दमन तथा शोषणको अवस्थाका आधारमा वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

## विमर्श र परिणाम

कथाकार रमेश विकलको 'लाहुरी भैँसी' कथामा द्वारे, लुखुरे, घैँटी, लुखुरे र घैँटीको चार वर्षीय छोरो पोडे, घमाने, रामवीर घर्ती, खुलाल, द्वारेका पुरेत सीताराम र गाउँलेहरू पात्रका रूपमा आएका छन् । यीमध्ये द्वारे उच्च वर्गीय पात्र हो भने अन्य सबै निम्नवर्गीय पात्रहरू हुन् । यी पात्रहरूका बिचमा सामन्ती ढाँचाको असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेका कारण लुखुरेजस्ता निम्नवर्गका पात्रको  सीमान्तीकृत अवस्थाबाट मुक्ति पाउने प्रयास असफल भई पुनः अधीनस्थ अवस्थामै रहनुपरेको छ र लुखुरेमाथि संयुक्त रूपमा प्रहार गरेर उच्चवर्गीय हितलाई स्थापित गरिएको छ । निम्नवर्गीय पात्रहरूमा आफ्नो वर्गबोधसहितको वर्गीय चेतनाको उदय हुन नसकेकाले समाजमा स्थापित सामन्तवादी विमर्शबाट निर्मित असन्तुलित वर्गीय शक्तिसम्बन्धले दमन र शोषणलाई वैधता दिएको छ ; परिणामस्वरूप समाजको निम्नवर्ग अधीनस्थ बन्न पुगेको छ ।

## 'लाहुरी भैँसीं कथामा वर्गीय अवस्था

'लाहुरी भैँसी' कथा सामन्ती विमर्शात्मक सामाजिक संरचनामा आधारित शक्तिसम्बन्धलाई अभिव्यञ्जित गरिएको कथा हो । यस कथामा लुखुरेको आर्थिक प्रगतिबाट भित्रभित्रै जलेर स्वार्थपूर्तिका निम्ति झूटो कुरा गर्ने स्थानीय सामन्त द्वारे बाको चरित्रलाई उदाङ्ग पारिएको छ (गौतम र ओझा, २०५८, पृ. २३०) । यस कथामा द्वारे, लुखुरे, घैँटी, लुखुरे र घैँटीको चार वर्षीय छोरो पोडे, घमाने, रामवीर घर्ती, खुलाल, द्वारेका पुरेत सीताराम र गाउँलेहरू पात्रका रूपमा आएका छन् । यीमध्ये द्वारे उच्च वर्गको प्रतिनिधि पात्र हो भने अन्य सबै निम्नवर्गीय पात्रहरू हुन् । यी पात्रहरूका बिचमा सामन्ती ढाँचाको असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ । निम्नवर्गको रक्षक भनी दावी गर्ने उच्चवर्ग निम्नवर्गको रक्षक नभएर भक्षक बनेको छ । द्वारेलाई आफ्नै छिमेकी तथा निम्नवर्गीय पात्र लुखुरेले राम्रो प्रजातिको भैँसी ल्याउँदा असह्य भएको कुरा कथामा यसरी देखाइएको छ :

"लुखे बजियाले भैँसी ल्याएछ ?" द्वारे बाले घोर आश्चर्यको स्वरमा भने, मानौँ लुखुरेले भैँसी ल्याएको कुरा उनी सपनामा पनि पत्याउन सक्दैनन् । साँच्चै नै उसले भैँसी ल्याएकै हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपराध अरू केही हुनै सक्दैन । आफूले एउटा भन्याजस्तो लाहुरी ल्याउने जम्का गर्दागर्दै छेपारा उखान भइरहेछ, लुखुरे नाथुले भैँसी ल्याउने ?....यो कसरी हुनसक्छ ?.... उनलाई यो आफ्नो द्वारेपनाका निम्ति एउटा थप्पडझैँ लाग्यो ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

उनले मनमा अलि असजिलोपनाको अनुभव गरे- भित्र अलि चस्केझैँ भित्र मुटुमा कसैले फोनबाजाको सियोले च्वास्स घोचिदिएझैँ उनलाई चस्क्यो (पृ.२८२) ।

द्वारेलाई लुखुरेले भैँसी ल्याउँदा आफ्नो सामाजिक प्रभुत्वमा आघात पुगेको अनुभूति भएको छ । यस सन्दर्भबाट तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्धको आधार आर्थिक स्तरको रहेको कुरा प्रस्ट हुन्छ । लुखुरेले भैँसी ल्याएको कुराबाट द्वारेले उत्पादनका साधनमाथिको आफ्नो वर्चस्व गुम्नसक्ने खतरा पनि महसुस गरेको छ ; जसबाट वर्गीय शक्तिसम्बन्धमा शत्रुताको प्रारम्भ भएको छ । लाहुरी भैँसी ल्याएर सन्तुष्ट बनेको लुखुरेको परिवारको खुशीलाई देखेर ईर्ष्याग्रस्त बनेको द्वारेले मानसिक पीडा महसुस गर्न थाल्छ । लुखुरेको आत्मतृप्ति र सन्तुष्टि द्वारेलाई मिठो लाग्दैन । लाहुरी भैँसी ल्याएर लुखुरेले प्राप्त गर्न चाहेको सुखशान्ति, सन्तोष र सफलता द्वारेका निम्ति असह्य हुन्छ । “हृदयमा केले केले चस्स घोचेझैँ अनि जिब्रोमा अलि टर्रो, तितो र नमिठोपना रसाएझैँ उनले अनुभव गरे । उनको अनुहार अलि नमज्जा लागेझैँ केही पलको निम्ति खुम्चियो, आँखामा ईर्ष्यारूपी दावानलको फिलुङ्गोझैँ कुन्नि के हो राँक्कियो (पृ.२८५)” भन्ने अभिव्यक्तिबाट कथामा सामन्तवादी स्वरूपको ईर्ष्याजन्य प्रभाव स्पष्टरूपमा अभिव्यञ्जित भएको छ । यसरी द्वारे र लुखुरेका बिचको सम्बन्ध शत्रुतापूर्ण अवस्थामा पुग्छ । त्यसपछि द्वारेले निम्नवर्गका पात्रहरूलाई आफ्नो प्रभुत्वमा पारेर लुखुरेका विरुद्ध षड्यन्त्रको प्रारम्भ गर्न थाल्छ ; परिणामस्वरूप लाहुरी भैँसी गुमाएर लुखुरे सामाजिक आर्थिक उत्पीडनमा पर्छ ।

‘लाहुरी भैँसी’ कथाले मूलतः सामन्तीस्वरूपको सामाजिक संरचनाले नै समाजमा विभेद सिर्जना गरी शोषण, दमन र उत्पीडनको आधार निर्माण गरेको तथ्यलाई व्यञ्जित गरेको छ । गाउँको प्रभुत्व वा सत्ता द्वारेको हातमा रहेकोले सामन्तवादी प्रकृतिको जालझेल र षड्यन्त्रका माध्यमबाट उसले अधिकार जमाएको छ । जालझेल तथा षड्यन्त्रका माध्यमबाट द्वारेले समाजमा द्वारे बाको बोली सधैँ सत्य हुन्छ भन्ने विमर्शलाई स्थापित गरेको छ । यस कार्यका लागि उसले सर्वप्रथम लुखुरेको ज्ञानक्षेत्रमा आक्रमण गरी उसलाई किंकर्तव्यविमूढ बनाउनुका साथै श्रीमति तथा समाजका जान्नेसुन्ने सबैबाट अलग गरी एक्लो पारेको छ । निराश एवं लाचार भएको लुखुरेलाई गलाएर आफू गरीब लुखुरेमाथि दया गरेजस्तो गरी लुखुरेकै सहमतीबाट सस्तोमा भैँसी फुत्काउन चालेको कुटिल चाल द्वारे र लुखुरेका बिचको सम्वादबाट यसरी व्यञ्जित हुन्छ :

“द्वारे बा, म त खौलामा परेँ । असत्ती बाउँठेले मेरो त सर्वस्व गऱ्यो । ... म त जोगी भएर हिँडे पनि भयो, द्वारे बा ।’

‘क्यार्छस् त बाबै, तेरै बुद्धिले त हो, हामीले गरेर, हाम्रा सल्लाहले होइन । ....हामीलाई के भन्छस् ।’ द्वारे बूढा ज्यादै कठोर देखिन्थे । लुखुरेको मन भरिएर आयो ।

‘बा, मैले आफ्नै बुद्धिले आफ्नै घुँडामा बन्चरो हानेँ । अब के गरौँ बा ! स्वास्नीको नाक-कानको त भला केही थिएन, भर्सेला परोस् भनौँ । नेपाल बाहुनको दुई सय पचास रिन कहाँबाट तिरौँ ? हे इस्सोर ! अब म के गरौँ ( पृ.२९०)।”

यसरी रिनको डर लुखुरेलाई गलाउने अर्को अचुक अस्त्रका रूपमा प्रयोग भएको देखिन्छ । द्वारेले प्रभुत्वका आधारमा समाजमा आफ्ना पक्षमा जनमत सिर्जना गरेको छ । यसरी समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाले द्वारेका सबै प्रकारका षड्यन्त्रमूलक कथन र अनुचित क्रियाकलापलाई वैधता प्रदान गरेको छ । यस्तो असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धले सीमान्तीकृत अवस्थाबाट त्राण पाउने लुखुरेजस्ता निम्नवर्गका पात्रको चाहनालाई धराशायी बनाएर पुनः अधीनस्थ अवस्थाकै स्थान निर्धारण गरिदिएको छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

## 'लाहुरी भैँसीं कथामा वर्गीय चेतना

'लाहुरी भैँसी' कथाले तत्कालीन नेपाली समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई व्यक्त गरेको छ । उच्चवर्ग (शोषक वर्ग) र निम्नवर्ग (शोषित वर्ग) गरी वर्गीय चेतनाका दृष्टिबाट दुई विरोधी वर्गका पात्रहरू रहेको यस कथामा द्वारे बा एउटै मात्र उच्च वर्गको पात्र रहेको छ भने अन्य सबै पात्रहरू निम्न वर्गका रहेका छन् । यस कथाको शोषक वर्गको एक्लो पात्र द्वारे बामा शोषक वर्गीय षडयन्त्रमूलक चेतना प्रशस्त छ परन्तु शोषित वर्गका पात्रहरूमा वर्ग चेतनाको नितान्त अभाव छ । 'वर्ग चेतनाले आफ्नो समस्या समाधानमा एकजुट बनाउनुका साथै वर्ग सङ्घर्षमा सङ्लग्न हुने साङ्गठनिक शक्ति पनि प्रदान गर्दछ (स्कट र मार्सल, सन् २००९, पृ. ८५) ।' परन्तु यस कथामा शोषित वर्गका पात्रहरूमा वर्ग चेतनाको अभाव भएकोले जसरी भए पनि आफ्नो भौतिक-आर्थिक स्वार्थ पूर्ति गर्ने सामन्ती प्रवृत्तिको पात्र द्वारेले योजनाबद्ध किसिमले षड्यन्त्र गरेर लुखुरेको लाहुरी भैँसी आफ्नो बनाएको छ । द्वारे आफ्नो सामन्ती प्रभुत्व र तज्जन्य विमर्शात्मक शक्तिलाई प्रयोग गरी निम्न वर्गका सबै पात्रहरूलाई आफ्नै स्वार्थअनुकूल प्रयोग गर्न सफल भएको छ । द्वारेको षड्यन्त्रमूलक असत्य अभिव्यक्ति "बाबै भैँसी त धम्की छ (पृ.२८५)" ले लुखुरे, उसकी श्रीमती घैँटी र उनीहरूको सानो छोराको होसहवास उडाएको छ । यस्तो सामन्ती षड्यन्त्रपछिको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

द्वारे बा घोप्टे जुँगाभित्रको कुटिल मुस्कानलाई ओठभित्रै दबाएर घरतिर हिँडे । घमाने र खुलाल पनि उनकै पछि लागे । लुखुरेका काँधमा हात राखेर रामवीरेले भन्यो–"अब पीर गरेर के गर्छस् बाबै, जे हुनु भइहाल्यो । बरु दुई-चार जनासँग सल्लाह-साउती गरेस् न ।" यति भनेर ऊ पनि घरतिर हिँड्यो । त्यो अभागी घर र त्यसको सानो परिवार मात्र सुस्केरा फाल्न त्यहाँ रहे (पृ.२८७) ।"

घमाने, खुलाल र रामवीरे शोषित-पीडित निम्नवर्गीय समुदायका पात्र भएर पनि उच्चवर्गीय चेतनाको जालोमा जकडिएर उच्च सामन्ती वर्गको वर्गीय हितको पक्षमा र शोषित-पीडित निम्नवर्गको वर्गीय हितको विरुद्धमा प्रयुक्त छन् । यो स्थिति तात्कालिक सामन्ती सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको परिणति हो । सामन्ती विमर्शात्मक संरचनाबाट उत्पादित ज्ञान नै सत्य मानिने र निम्नवर्गले सामन्त वर्गलाई हरसम्भव खुशी पार्नुपर्ने उक्त समाजमा प्रभुत्वको शक्तिले यसप्रकारको मान्यतालाई वैधता प्रदान गरेको छ । द्वारेको षड्यन्त्रमूलक चेतनालाई बुझ्न नसकेर लुखुरेकी श्रीमती घैँटी पनि आफ्नो लोग्ने लुखुरेसँग रिसाएर गाली गर्दै भन्छे, "खाइस् अभागी ग्वाङ्ग्रा । यसो आफूभन्दा जान्ने-सुन्ने दुईचार जनालाई लगेर देखाउनुपर्छ, त्यत्रो पैसा लगेर भड्खाराँ ओइरियो कि ओइरिएन ! बुद्धिमा डढेलो सल्केको तेरा (पृ.२८७) ।" घैँटीको यस भनाइले लुखुरेलाई कमजोर, निराश एवं हतोत्साहित मात्र तुल्याएन अपितु उसको ज्ञानक्षेत्रलाई कामै नलाग्ने भुत्ते बनाएर समाप्त पाऱ्यो । यसरी घैँटीले पनि अज्ञानतावश असचेत रूपमा सामन्ती विमर्शात्मक संरचनाबाट उत्पादित उच्चवर्गीय हितसंरक्षक ज्ञानलाई वैधता प्रदान गरेकी छे । गाउँका पण्डित सीतारामले समेत उच्चवर्गीय ज्ञानको प्रामाणिकता पुष्टि गरेपछि लुखुरे पूर्णरूपमा पराजित भई द्वारेकै शरणमा पुगेर भन्छ, "बा, मैले आफ्नै बुद्धिले आफ्नै घुँडामा बञ्चरो हानेँ ! अब के गरौँ बा (पृ.२९०) ।" यसरी समग्र परिस्थिति द्वारेकै मनोनुकूल बन्न पुगेको छ । यसप्रकार प्रस्तुत कथामा समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाबाट प्राप्त प्रभुत्व तथा शक्तिका आधारमा उच्चवर्गीय चेतना सर्वत्र सहज रूपमा स्थापित छ र असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण निम्नवर्गीय पात्रहरूमा आफ्नो वर्गबोध सहितको वर्गीय चेतनाको उदय हुन सकेको छैन । अतः यस कथाका निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

## 'लाहुरी भैँसी' कथामा वर्गीय हित

'लाहुरी भैँसी' कथाले तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई प्रस्तुत गरेको छ । यस कथामा द्वारे उच्च वर्गको प्रतिनिधि पात्र हो भने लुखुरे लगायत अन्य सबै पात्रहरू निम्नवर्गीय पात्रहरू हुन् । तत्कालीन नेपाली समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका कारण वर्गीय हितको अवस्था नितान्त

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

एकपक्षीय रहेको छ । उच्चवर्गीय पात्र द्वारे आफ्नो वर्गीय स्वार्थ र हितका कुरामा सुस्पष्ट छ भने निम्नवर्गका कुनै पनि पात्रका कथन तथा क्रियाकलाप वर्गीय स्वार्थ र आफ्नो वर्गको हितका पक्षमा देखिँदैनन् । उनीहरूका कथन र क्रियाकलाप सचेत वा असचेत रूपमा आफ्नो वर्गको अहित र विरोधी वर्गको हित गर्ने काममा सहयोगी बनेका छन् । लुखुरेले किनेको उन्नत जातको भैँसीमा द्वारेले षड्यन्त्रमूलक किसिमले खोट देखाउँदा निम्न वर्गकै पात्र रामवीरेले द्वारेको कुरालाई पुष्टि गर्दै भन्छ, "द्वारे बाका आँखा किन झुक्किन्थे र !...कसो घमाने दाइ ? भैँसी धम्की नै होइन त (पृ.२८५) ।" द्वारेका भनाइलाई रामवीरेले यसरी समर्थन र पुष्टि गरेपछि लुखुरेको भैँसीसम्बन्धी ज्ञान धर्मराउन पुग्छ । त्यसरी नै लुखुरेकी श्रीमति घैँटीले पनि असचेत रूपमा द्वारेकै षड्यन्त्रमा सहयोग पुऱ्याउँदै भन्छे, "एकातिर घरबार साहूलाई सुम्प्यो, अर्कातिर अर्काको नाक-कान रित्यायो । त्यसमाथि माल ल्याएको पनि फुटेका आँखाले हेरेर (पृ.२८८) ।" आफ्नै श्रीमति घैँटीको यस्तो अभिव्यक्तिबाट लुखुरे अझ निराश एवं पराजित मानसिकतामा पुग्छ । त्यसरी नै बुढाथोकीले "बिग्रने बेलामा आउँदैन मति भनेको त्यै हो । खोटी भैँसीमा थैलो खन्याएर ...अब अरू कसले लाला र (पृ.२८९)" भनेर लुखुरेमाथि अर्को पीडादायी प्रहार गर्छ । घमाने पनि द्वारेकै षड्यन्त्र र हितमा सहयोग पुऱ्याउने गरी "रिन गऱ्या त होलास् नि (पृ.२८९)" भन्छ । गाउँका सबैभन्दा धार्मिक मानिएका सीताराम पण्डितको कथनको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

"यसको भैँसी खोटी रहेनछ रे भने त हाम्रा मुखाँ अभच्छे हालिदिनू ।" द्वारेका पुरेत सीताराम पण्डितले हत्केलाले नाक मास्तिर फर्काउँदै लामो लेग्रो तानेर घोषणा गरे अनि द्वारे बाको मुखतिर हेरे । वास्तवमा उनले लुखुरेको भैँसीको अनुहारसम्म पनि देखेका होइनन् तर कदाचित द्वारे बालाई खुशी पार्न सकिन्छ भने गाउँको भैँसी त के कुरा, बम्बैको तिलकराम मारवाडीले किनेको रोल्स रोयस मोटरमा पनि खोट निकाल्न उनी पछि हट्तैनथे ( पृ.२८९-२९०) ।"

गाउँकै सर्वोच्च धर्माधिकारी मानिएको सीताराम पण्डितको यस कथनले पनि उच्चवर्गीय हितकै संरक्षण गरेको छ। यस्ता सबै घटनाक्रमको परिणामस्वरूप निराश एवं पराजित मानसिकतामा परेर लुखुरे स्वयं द्वारे बाका शरणमा पुगेर भन्छ, "बा, म त बितेँ । अब के गरौँ बा । ...म त खौलाँ परेँ (पृ.२९०) ।" यसरी 'लाहुरी भैँसी' कथामा निम्न वर्गको वर्गीय हितलाई उठ्नै नसक्ने गरी थला पारिएको छ । 'वैरभावपूर्ण वर्गीय अन्तरविरोधका अवस्थामा सामाजिक समूहहरूको हितको मेल भई सबै एकजुट भएर सङ्घर्ष गर्ने सम्भावना पनि रहन्छ (एर्माकोवा र रात्निकोव, सन् १९८८, पृ.११७) ।' परन्तु यहाँ त्यसो नभएर उच्चवर्गीय प्रभुत्व वा असन्तुलित किसिमको शक्तिसम्बन्धले सबै पात्रहरूलाई एकपक्षीय निर्णयमा पुऱ्याएको छ । घमाने, खुलाल र घैँटीले अज्ञानका कारण असचेत रूपमै द्वारेको घृणास्पद षड्यन्त्रलाई टेवा पुऱ्याएका छन् भने रामवीरे र सीतारामले सचेत रूपमै उच्चवर्गीय हितको पृष्ठपोषण गरेका छन् । यो सबैको कारण उक्त समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाको असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ । उपर्युक्त असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण लुखुरेमाथि संयुक्त रूपमा प्रहार गरेर उच्चवर्गीय हितलाई स्थापित गरिएको छ र निम्न वर्गका पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

## 'लाहुरी भैँसी' कथामा वर्गीय विभेद तथा शोषण

'लाहुरी भैँसी' कथामा असमान शक्तिसम्बन्धका कारण सिर्जित वर्गीय विभेद, दमन तथा शोषणको चित्रण गरिएको छ । यस कथामा निम्नवर्गीय पात्र लुखुरे उच्चवर्गीय पात्र द्वारे बाको दमन तथा शोषणको सिकार बनेको छ । सामन्ती षड्यन्त्रमूलक दमन तथा शोषणको चित्रण गरिएको यस कथामा द्वारेले सामाजिक तथा आर्थिक क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित गरी कुटिलता र षड्यन्त्रका माध्यमबाट उन्नत जातको लाहुरी भैँसीलाई आफ्नो बनाएको छ। द्वारेले शक्ति वा प्रभुत्वका आधारमा आफ्नो सामन्ती विमर्शात्मक संरचनाको ज्ञानलाई स्थापित गरेर शोषणलाई सहमतीय अवस्थामा समापन गर्न कुटिलतापूर्ण षड्यन्त्रको मार्ग अवलम्बन गरेको छ । लुखुरेको लाहुरी

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

भैँसी देख्नासाथ कुटिल षड्यन्त्रको प्रारम्भ गर्दै द्वारेले भनेको छ, "भैँसीलाई त अलि बढी नै हालिछस् । दुध कति देला ? ...कल्चौडो मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर (पृ.२८५) ।" यसरी द्वारेले उन्नत जातको लाहुरी भैँसी देख्नेबित्तिकै लुखुरेमाथि तनाव र दवाव सिर्जना गरी शोषणका निम्ति बलियो आधार तयार गर्न आरम्भ गरेको छ । दबाबकै निरन्तरतामा उसले भैँसीलाई धम्कीको बिरामी भएको बताउँदै रामवीरेबाट त्यसको पुष्टि पनि गराएको छ । त्यतिले मात्र नपुगेर द्वारेले लुखुरेकी अनपढ र सोझी श्रीमति घैँटीको चेतनामा समेत प्रहार गरेर लुखुरेलाई परिवारबाट पनि एक्ल्याएको छ । बाहिरबाट सामान्य र स्वाभाविक लागे पनि भित्री रूपमा कुटिल एवं षड्यन्त्रपूर्ण रहेको द्वारेको निर्मम व्यवहार बुझ्न नसकेको र परिवारबाट समेत एक्लिएको लुखुरेले भैँसी फर्काउन खोज्दा त्यसमा पनि व्यवधान सिर्जना गर्दै द्वारेले भन्छ, "को त्यै बाउँठे ढकाल ?..त्यसका कुरा पत्याउन थाले त मान्छे खौलाँ पर्छ । कतिलाई भड्खाराँ जाक्यो त्यसले, त्यस्तो बेमानी पो त त्यो (पृ.२८६) ।" यसरी एकातिर द्वारेले लुखुरेले किनेर ल्याएको लाहुरी भैँसीलाई खोटी प्रमाणित गरेको छ भने अर्कातिर उक्त भैँसी किनेकै ठाउँमा फर्काउने सम्भावनाको बाटो पनि कुटिल किसिमले बन्द गरिदिएको छ । त्यसपछि दिनभरि हिँडेर थाकेका कारण बेलुका भैँसीले अलि कम दुध दिएको स्वाभाविक विषयलाई कुटिल किसिमले उठाएर भैँसी खोटी नै भएको प्रमाणित गरी लुखुरेलाई पूर्णरूपमा परास्त गर्न पण्डित सीतारामलगायतको सहमति जुटाएको छ । यसरी निरन्तर कुटिल एवं षड्यन्त्रयुक्त चाल चलेर द्वारेले लुखुरेलाई आफ्नो लाहुरी भैँसी आफैँ द्वारेका हातमा सुम्पिन बाध्य पारेको छ । द्वारेले बुढाथोकी, रामवीर घर्ती र सीताराम पण्डितबाहेक अरूलाई मौन बन्न विवश तुल्याएर कसरी कुटिलतापूर्वक लुखुरेको परिवारको खुसी खोसे भन्ने कुरालाई निम्नलिखित कथांशले पनि प्रस्ट पार्छ :

"द्वारे, बुढाथोकी, रामे र पण्डितबाहेक सबै मौन थिए, उनीहरूका आँखामा विवशता थियो । उनीहरू लुखुरेका आँखामा हेर्न नसकेर निहुरे ।

त्यस दिन बेलुकीपख द्वारे बाको आँगनमा निकै रमझम देखियो । आँगनमा लाहुरी भैँसी बाँधिएको थियो–चिल्लो, कालो, बाह्रमाने बाँटाजत्रो कल्चौँडो गरेको । ....द्वारेले भुस्सा दिँदादिदै एकपटक टाउको उठाएर हेरे–लुखुरेका आँगनमा आज रमझम थिएन । लुखुरेका बाबुछोरा आँगनको डिलमा उभिएका थिए । त्यसै बेला रामवीरेले द्वारेका आँगनमा उक्लेर उनलाई ढोग दियो ।

'कसो रामे, भैँसी हिरा छैन त ?

किन हुन्नथ्यो बा, लाखमा एक छ (पृ.२९१) ।"

यसरी 'लाहुरी भैँसी' कथामा लुखुरेको ज्ञानको क्षेत्रमा आक्रमण गरी उसलाई हतोत्साहित गर्ने, द्वारेको झुटो कुरालाई लुखुरेकै वर्गबाट प्रमाणित गराएर सत्य सावित गर्ने, लुखुरेलाई उसको आफ्नो वर्ग र परिवारबाटसमेत एक्ल्याएर निस्सहाय एवं निरुपाय बनाउने, ढकालप्रति नकारात्मक र अविश्वासको भाव सिर्जना गराउने अनि लुखुरेमा चरम निराशा, तनाव र दबाबको अवस्था सिर्जना गरेर अन्त्यमा सहमतीय माध्यमबाट शोषण गर्ने सामन्ती शोषणको निर्मम स्वरूप प्रस्तुत भएको छ । उपर्युक्त आधारहरूलाई उच्चवर्गीय द्वारेले शक्तिका रूपमा प्रयोग गरी निम्नवर्गीय लुखुरेको ज्ञानका क्षेत्रमा दमन गरी आर्थिक शोषण गरेको छ । यस्तो दमन र शोषणलाई उक्त समाजमा स्थापित सामन्तवादी विमर्शबाट निर्मित असन्तुलित वर्गीय शक्तिसम्बन्धले वैधता दिएको छ; परिणामस्वरूप कथामा वर्णित समाजको निम्नवर्ग अधीनस्थ बन्न पुगेको छ ।

## निष्कर्ष

'लाहुरी भैँसी' कथामा तत्कालीन समाजमा स्थापित विमर्शात्मक संरचनाबाट प्राप्त शोषणमूलक ज्ञान र त्यसको शक्तिलाई प्रयोग गरेर उच्चवर्गका पात्रले निम्नवर्गका पात्रलाई अन्याय-अत्याचार, दमन-शोषण गरेका कारण वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको देखिन्छ । वर्गीय सम्बन्ध शत्रुतापूर्ण बन्नमा स्थानीय तथा केन्द्रीय सत्तासँग उच्च

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 325–337**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75413**

वर्गको पहुँच र ज्ञानको उत्पादनमा उच्च वर्गको एकाधिकारजस्ता कुराहरू कारण बनेका छन् । यसरी उच्च वर्ग र निम्न वर्गका बिचमा शत्रुतापूर्ण सम्बन्ध निर्मित भएकाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित भई निम्नवर्गको जीवन अधीनस्थ बन्न पुगेको छ । यस कथामा वर्गबोध र वर्गीय चेतनाको स्वरूप उच्च वर्गमा प्रस्ट र निम्न वर्गमा अलि अस्पष्ट एवं मिश्रित किसिमको रहेको देखिन्छ । सामाजिक न्याय र ज्ञानका क्षेत्रमा उच्च वर्गको प्रभुत्व रहेकै कारण निम्न वर्गको चेतना विभाजित भएको देखिन्छ । यस कथामा उच्च वर्गका पात्र सचेत रूपमै वर्गीय हितमा क्रियाशील रहेको देखिन्छ भने निम्न वर्गका पात्रहरूमा वर्ग चेतना देखिँदैन । निम्न वर्गका कतिपय पात्रमा आजीवन उच्च वर्गकै हितमा काम गरी आफू पूर्णरूपमा समस्यामा डुबेपछि मात्र वर्गीय हितको चेतना विकसित हुने प्रवृत्ति देखिन्छ र लुखुरे पनि यस्तै पात्रका रूपमा देखा परेको छ । यस कथाका सहायक र गौण पात्रहरूको कार्य र व्यवहारले पनि सचेत वा असचेत रूपमा उच्च वर्गकै हितमा सहयोग पुऱ्याएको छ । उत्पादनका साधनमाथि उच्च वर्गको स्वामित्व, उच्च वर्गको हित तथा निम्न वर्गको शोषणमा आधारित वितरण प्रणाली, वर्गबोधको चेतना र ज्ञानको अभाव, निम्न वर्गमा वर्गशत्रुको पहिचानको अभावजस्ता कुराहरू निम्न वर्गको शोषणका कारकतत्त्व बनेका छन् । निम्नवर्गमा वर्गीय चेतनाको अभावका कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित भई निम्नवर्गको जीवन समस्याग्रस्त बन्न पुगेको छ । वर्गीय विभेद, दमन र शोषणको निर्मम रूप अभिव्यञ्जित यस कथामा समाजको दमनकारी वर्गले सामाजिक रूपमै उच्च स्थान पाएको छ भने दमित वर्ग अपहेलित तथा अधीनस्थ बनेको छ । सामन्ती विमर्शात्मक संरचनाले उत्पादन र प्रयोग गरेको विभेदकारी ज्ञान र तज्जन्य शक्तिका कारण निम्न वर्गको लुखुरेको परिवार निरीह अवस्थामा पुगेको छ । समाजमा उच्चवर्गीय प्रभुत्वको बोलवाला भएका कारण निम्नवर्गीय लुखुरेको अधिकार कुण्ठित भएको छ । सत्तासँगको सम्बन्धबाट निम्नवर्ग वञ्चित रहेकोले निम्नवर्गले अभाव एवं अन्यायबाट मुक्ति पाउन सकेको छैन । यस कथामा द्वारेले लुखुरेमाथि वर्गकै आधारमा विभेद, दमन र चरम शोषण गरेको छ । यसप्रकार विभेद, दमन र चरम शोषणका कारण वर्गीय शक्तिसम्बन्ध असमान रहेकाले लुखुरेजस्ता निम्नवर्गका पात्रको जीवन अधीनस्थ अवस्थाबाट मुक्त हुन सकेको छैन ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा* (तेस्रो संस्क.), काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

किरण (२०६५), *नेपाली समाज र संस्कृति* (दोस्रो संस्क.), काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', पाण्डे, लिखत (सम्पा.), *भृकुटी (सांस्कृतिक अध्ययन विशेषाङ्क ९),* पृ. ११-४६ ।

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, देवीप्रसाद र ओझा, रामनाथ (२०५८), *नेपाली कविता, कथा र उपन्यास,* काठमाडौं : स्टुडेन्टस बुक्स एन्ड स्टेसनरी ।

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन,* काठमाडौं : इन्डिगो इन्क प्रा.लि.।

चैतन्य, (२०७०), 'समकालीन बुर्जवा दर्शन र सांस्कृतिक अध्ययन', पाण्डे, लिखत (सम्पा.), *भृकुटी (सांस्कृतिक अध्ययन विशेषाङ्क ९),* पृ. १४२-१६५ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौं : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७०), 'संस्कृति, सास्कृतिक अध्ययन र मार्क्सवाद', पाण्डे, लिखत (सम्पा.), *भृकुटी (सांस्कृतिक अध्ययन विशेषाङ्क १९),* पृ. १७२-१९३ ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०७०), 'सांस्कृतिक अध्ययन : वर्तमान परिप्रेक्ष्य र दिशाबोध', पाण्डे, लिखत (सम्पा.), *भृकुटी (सांस्कृतिक अध्ययन विशेषाङ्क १९),* पृ. ११४-१४१ ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', पाण्डे, लिखत (सम्पा.), *भृकुटी ( सांस्कृतिक अध्ययन विशेषाङ्क १९),* पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७ क), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

येर्माकोवा, आन्तोनिना र वालेन्तिन, रात्निकोव (सन् १९८८), *वर्ग और वर्ग सङ्घर्ष क्या है ?* (अनु. सुरेन्द्र कुमार), मस्को : प्रगति प्रकाशन ।

विकल, रमेश (२०७९), 'लाहुरी भैँसी' *रमेश विकलका प्रतिनिधि कथा,* पौडेल, हेमनाथ (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २८२-२९१ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०७६) 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास' *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १२४-१३९ ।

स्कट, जोन र गार्डेन मार्सल (सन् २००९), *अक्सफोर्ड डिक्सनरी अफ सोसियोलोजी,* अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

●